ॐ



**श्री महेश्वर प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**लुम्बिनी बचत तथा ऋण स.सं.लि., बुटवल**

# सहकारी सन्देश

वि.स. २०५४ साल भाद्र १६ गते जिल्ला सहकारी कार्यालय सिद्धार्थनगरमा दर्ता भई सोही वर्षको पुस १० गते बुटवल उघोग वाणिज्य सघंका अध्यक्ष श्री जीवन वफ्राको प्रमुख आतिथ्यमा शुभारम्भम भई सदस्यहरुको आर्थिक, सामाजिक, सास्कृतिक विकाशमा टेवा पुऱ्याउँदै सगौरव पच्चिसौं वर्षमा प्रवेश गरी वर्ष २०७८/२०७९ लाई वर्ष भरीनै रजत जयन्ती वर्षको रुपमा मनाउँदै छ।

अडतीस जना शेयर सदस्यहरुले जनही रु.एक लाखले जम्मा रु.अडतीस लाख पूँजीले सुरु गरेको यस लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. बुटवलको शेयर सदस्य हाल ३०६५, शेयर पूँजी रु.अठार करोड, नब्बे लाख, संस्थागत पूँजी दश करोड चालिस लाख, अन्य कोष हिसाब रु चार करोड र ऋण प्रवाह रु.एकासी करोड चालिस लाख, बचत संकलन रु. एक अरब दुई करोड, अन्य लगानी रु. १२ करोड पुगेको छ । यस संस्थाको पन्च वर्षीय योजनाको यो आ.व.२०७८/०७९ अन्तिम वर्ष भएकोले २०७९ अषाढ मसन्त भित्र शेयर सदस्य ३५००, शेयर पूँजी रु.२० करोड, बचत संकलन रु.एक अरब बीस करोड पुयाउने लक्ष्य अनुरुप कार्यक्रमहरु भैइरहेका छन् ।

यस संस्थाको रजत जयन्ती महोत्सव मनाउन संचालक समितिले संचालक डा. हिरण्य लाल ज्ञवालीलाई संयोजकको जिम्मेवारी दिएको छ। यस रजत जयन्ती वर्ष भरी – वृक्षारोपण गर्ने, वृद्धाश्रम, वाल आश्रम, मानव सेवा आश्रम, अन्धा अपाङ्ग आश्रम, गीता पाठशाला, योग शाला, पुस्तकालयलाई सहयोग गर्ने तथा सहकारी शिक्षा, तालिमहरु संचालन गर्ने, साहित्य तथा संस्कृतिलाई टेवा पुऱ्याउने र प्रोत्साहन प्रवर्धन हुने कार्यक्रमहरु गरिने छन् ।

हाम्रा सेवाहरु विस्तार गर्ने क्रममा पाँचवटा सेवा केन्द्रहरु खोल्ने लक्ष्य लिएकोमा बेलबास सेवा केन्द्र र देवीनगर सेवा केन्द्र खोलि सकेका छौं र निकट भविष्यमा देवदह न.पा. को भलुहीमा सेवा केन्द्र खोल्नलाई काउन्टरहरु बनाउने कार्य भैरहेको छ र अन्य दुईवटा सेवा केन्द्र पनि सकभर यसै आ.व.मा खोल्ने प्रयास रहने छ ।

नौलो साकोस चाङ्गुनारायण, भक्तपुरका अध्यक्ष श्री जुवन लागेजू समेत पदाधिकारी, व्यवस्थापक र सदस्यहरु गरी जम्मा २८ जनाको टोलीले २०७८।११।२० गते यस संस्थाको अध्ययन अवलोकन गर्नु भयो । मन्तव्यको क्रममा नौलो साकोसका अध्यक्षले यस संस्थाले गरेको प्रगतिको प्रशंसा गर्दै आफू अत्यन्त प्रभावित भएको र धेरै कुराहरु सिकेको भन्दै आफ्नो नौलो साकोसमा आउन निमन्त्रणा दिनु भयो ।

मिति २०७८ फागुन २० गते हाम्रो देवीनगर सेवा केन्द्रमा आधारभुत सहकारी शिक्षा कार्यक्रम संचालन भएको छ । चालिस जना शेयर सदस्यहरु सहभागी भएको यो प्रथम चरणको सहकारी शिक्षा कार्यक्रमको प्रशिक्षक डा.बाबुराम ज्ञवाली र राष्ट्रिय सहकारी बैंक बुटवल शाखाका प्रबन्धक श्री नारायण बेलबासे र विशिष्ठ अतिथि शेयर सदस्य प्राध्यापक आनन्द मान शाक्य हुनु हुनुहुन्थ्यो । यो प्रशिक्षणबाट सहकारी के हो, के को लागि, कसरी, भन्ने विस्तृत जानकारी तथा सदस्यहरुको अधिकार र कर्तव्य र बचतको महत्व आदि आधारभुत जानकारीका साथै लुम्बिनी साकोसको बारेमा पनि विस्तृत जानकारी पाएको अनुभव सहभागीहरुले प्रतिक्रिया जनाएका थिए ।

जय सहकारी !!!

# लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

## बुटवल-४, राममन्दिर लाईनको आर्थिक झलक:

**संस्थाको आर्थिक कारोवार २०७८ फागुन २१ गते सम्म**

१) संस्थाले कारोबार सुरु गरेको बर्ष :- २०५४/०९/१०, दर्ता नं.१३१/१३९/०५४/०५५, मिति : २०५४/०५/१६
२) सदस्य संख्या :- महिला १४९२, पुरूष १५२१, संस्थागत सदस्य ५२, जम्मा सदस्य संख्या ३०६५
३) कारोबार :- बचत संकलन तथा ऋण लगानी
४) शेयर पूँजी :- १८,७८,७९,८००/-
५) संस्थागत पूँजी :- १०,३८,२९,३८६।४०
६) बचत संकलन :- १,३३,०७,९६,२८१।१०
७) बचत फिर्ता:- ३०,७५,३९,१२४।७४
८) बचत मौज्दात :- १,०२,३२,५७,१५६।३६
९) कर्जा लगानी :- ९४,७८,३९,९३०।५५
१०) कर्जा असुली :- १३,३०,९८,०१७।४२
११) कर्जा मौज्दात :- ८१,४७,४१,९१३।१३
१२) कोष हिसाव :- ३,५७,६५,४६०।२९
१३) लगानी :- ४५,५५,२७,८६४।५५

**लुम्बिनी साकोस गान**

जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी
हितकारी यो आपद्विपद्मा सेवा गर्ने उपकारी ।


आर्थिक सामाजिक साँस्कृतिक तीन नदीको संगम यो
सहयोगी भै सहकार्यमा नै रम्ने पावन धाम हो यो
थोपा थोपा सञ्चित गरेर घैला भरेर अर्पन्छ
बचत गरौं अनि बचतलाई गरौं सदुपयोग यही भन्छ
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

स्वेच्छिक खुल्ला सदस्यता र सदस्यद्वारा नियन्त्रित यो
तालिम शिक्षा सुविधा दिएर गर्ने निरन्तर सूचित यो
स्वायत्तता र स्वतन्त्रताको पहरेदार यो सहचारी
समुदायमा नै चासो राख्ने लुम्बिनी हाम्रो सहकारी
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

**१४) ब्याजदर** :- (क) निक्षेपहरुमा दिने ६.००% – १२.००% (ख) कर्जामा लिने १३.००% - १४.००% सम्म
**१५) कार्यक्षेत्र** :- रुपन्देही जिल्लाभर ।
**१६) तालिम** :-
(क) संस्थाका पदाधिकारी ज्यूहरुलाई डिभिजन सहकारी कार्यालय तथा संघ संस्थाले आयोजना गरेको सहकारी तालिममा सहभागी गराएको ।
(ख) कर्मचारीहरुलाई विभिन्न सहकारी तालिमहरुमा सहभागी गराएको ।
(ग) बेलवास सेवा केन्द्रमा व्यवसायीक तालिम केन्द्र स्थापना गरी बुटिक तालिम सदस्यहरुलाई दिईएको र हाल सिलाई कटाई तालिम भईरहेको छ ।
१७) प्राथमिक उपचार केन्द्रको आफ्नै संस्थामा संचालन भईरहेको छ ।
ॐ ज्ञान ज्योति, द्वैमासिक पत्रिकामा ३९ औं अंङ्क देखि नियमित रुपमा यस संस्थाका गतिविधिहरु प्रकाशित गर्न सहकार्य गरेको ।

**हाम्रो गतिविधि**
**Web Site:**
**www.Lumbinicop.com.np मा हेर्न सक्नु हुन्छ ।**

**१८) सामाजिक कार्यहरु** :-
(क) वृद्धाश्रम, कुष्ठरोग प्रभावित कल्याण संस्था, बाल आश्रम र मानव सेवा आश्रम लाई सहयोग ।
(ख) नव जागृति पुस्तकालयलाई सहकारी पुस्तकहरु प्रदान गरिएको ।
(ग) स्वस्थ्य शिविर संचालन गरिएको ।
(घ) वृद्धाश्रम हातामा वृक्षारोपण गरेको तथा उद्यान निर्माण ।
(ङ) रक्तदान गरेको तथा १५ जना असहायहरुका लागि आर्थिक सहयोग प्रदान गरेको (रक्तसञ्चार केन्द्र मार्फत) । यस संस्थाको २५ औं स्थापना दिवसको उपलक्ष्यमा २५ पिन्ट रक्तदान तथा ३८ जनाको निशुल्क मधुमेह तथा किटिनाईन परीक्षण गरेको ।
(च) सहकारी साहित्य गोष्ठी गरेको । श्री नव जागृति पुस्तकालय परिसरमा उद्यान निर्माण ।
(छ) कक्षा १२ मा **A+** ल्याई उत्तिर्ण हुने शेयर सदस्यका छात्र, छात्राहरुलाई दोसल्ला तथा प्रमाण-पत्र, पुरस्कार नगद सहीत सम्मान गर्ने शेयर सदस्यका एकाघर परिवारमा डाक्टर, इन्जीनियर, Mphil, CA आदि उपाधी प्राप्त गरेकालाई सम्मान गर्ने ।
(ज) युवा जनशक्ति र सहकारी –विषयक गोष्ठी । नेतृत्व विकास तालिम ।
(झ) महिला स्वास्थ्य सचेतना कार्यक्रम गरेको । सहकारी शिक्षा तालिम ।
**१९) संस्थाले प्रदान गर्ने सेवा तथा भौतिक संरचना** -
(क) संस्थाको आफ्नै भवन ।
(ख) प्राथमिक उपचार सेवा/दुर्घटना वीमा रु. तीन लाखको ।
दिवङ्गत सदस्यका आश्रितलाई राहत रकम प्रदान ।
(ग) लेखाहरु सबै कम्प्यूटरबाट ।
(घ) देश विदेशबाट पठाएको रकम तुरुन्त झिक्न र ट्रान्सफरको सुविधा ।
(ङ) लुम्बिनी स्मार्ट एप्सबाट TopUp Services, Utilities Payment, Esewa Wallet, FonePay, Bank Fund Transfer, Internal Fund Transfer, Flight, Insurance Premium आफ्नो शेयर, बचत र ऋण खाताको ब्यालेन्स हेर्न चौबिसै घण्टा सुविधा भएको ।
(च) लुम्बिनी ल्याव सेवा केन्द्रबाट रक्त परीक्षण दैनिक विहान ७ देखि २ बजे सम्म । (शनिबार बन्द)




**२०) सेवा केन्द्रहरु :**
(क) बेलवास सेवा केन्द्र, बुटवल-१३, बेलवास ।
(ख) देवीनगर सेवा केन्द्र, बुटवल-११, श्रेष्ठपथ ।

"बचत गरौ बचतको सदुपयोग गरौं "
"सहकारीताबाट सम्पन्नता हाम्रो प्रतिबद्धता"

# लुम्बिनी  साकोस बुटवललाई फोटोबाट नियाल्दा



वित्तीय साक्षरता कार्यक्रमका युवा संयोजक तथा संचालक सदस्य सुमोद मान सैंजू र मेगा बैंक बुटवल शाखाका डिपोजिट हेड ।



वित्तीय साक्षरता कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष उज्ज्वल कसजू ।




वित्तीय साक्षरता कार्यक्रमका प्रशिक्षक मेगा बैंक प्रदेश प्रमुख विश्व पौडेलबाट तालिम संचालन ।



वित्तीय साक्षरता कार्यक्रममा स्वागत भाषण गर्दै युवा संयोजक तथा संचालक सदस्य सुमोद मान सैंजू ।




वित्तीय साक्षरता कार्यक्रमलाई शुभकामना व्यक्त गर्दै प्रमुख अतिथि उज्ज्वल कसजू ।



वित्तीय साक्षरता कार्यक्रममा मायाँको चिनो प्रमुख अतिथिलाई प्रदान गर्दै ।



वित्तीय साक्षरता कार्यक्रममा प्रशिक्षक विश्व पौडेल, मेगा बैंक लुम्बिनी प्रदेश प्रमुखलाई मायाँको चिनो प्रदान गर्दै अध्यक्ष ।



वित्तीय साक्षरता कार्यक्रममा सहभागी युवा सदस्य तथा कर्मचारीहरु ।

# लुम्बिनी  साकोस बुटवललाई फोटोबाट नियाल्दा



भक्तपुरको नौलो साकोसका सदस्यहरुलाई स्वागत गर्दै अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठ ।



चाँगुनारायण भक्तपुरको नौलो साकोसका अध्यक्ष जुवन लगेजूबाट सम्बोधन ।



अध्ययन अवलोकन भ्रमण कार्यक्रमका सहभागीहरु ।



अध्ययन अवलोकन भ्रमण कार्यक्रममा नौलो साकोसका व्यवस्थापकहरुबाट संवोधन ।



अध्ययन अवलोकन भ्रमण कार्यक्रममा मायाँको चिनो साटासाट ।



अध्ययन अवलोकन भ्रमण कार्यक्रममा मायाँको चिनो साटासाट ।



नयाँ शेयर सदस्यहरुलाई आधारभूत सहकारी शिक्षा तालिमको सामुहिक फोटो ।



हाम्रा दिवङ्गत शेयर सदस्य श्री चिरन्जीवि ध्वज जोशीको परिवारलाई हार्दिक समवेदना तथा सदस्य राहत विरतण ।